म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ३९ शुक्रबार २१ भदौ २०८१ ने. सं. ११४४ ञलाथ्व 6 September 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com




# कांग्रेसद्वारा कार्यपालिका बैठक बहिष्कार, विशेष नगरसभा अनिश्चित

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/ नेपाली कांग्रेसबाट निर्वाचित उपमेयर राजेश बानियाँ र ८ जना वडाध्यक्षले बिहीवार बिहान राखिएको हेटौंडा उपमहानगरपालिकाको कार्यपालिका बैठक बहिष्कार गरेका छन् ।

कारण थियो, कर समायोजनको लागि विशेष नगर सभाको मिति तोक्न बोलाइएको बैठक । राजश्वको दरवृद्धि गरेको विरोधमा मकवानपुर उद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघलगायतका वस्तुगत संघहरु र जिल्ला सहकारी संघसमेत साउनको अन्तिममा आन्दोलित बनेका थिए । आन्दोलनका कारण ३२ साउनमा उपमहानगरपालिका कार्यालयमा व्यवसायीका माग सम्बोधन गर्ने प्रतिबद्धतासहित ८ बुँदामा उपमहानगरले लिखित सहमति गरेको थियो ।

सहमतिअनुसार नगर सभा बोलाएर कर समायोजन गर्नुपर्ने दबाबमा नगरप्रमुख मीनाकुमारी लामा छिन् । व्यवसायीसँगको सहमति अगाडि उपमहानगरपालिकाले करको दर हेरफेर गर्न नसक्ने प्रष्ट पारेको थियो । तर, ३० साउनमा नेकपा एमालेका बहुमत नगरपरिषद् सदस्यले मेयर लामा समक्ष विशेष नगरसभा माग गरेपछि उपमहानगर पालिका व्यवसायीसँग सहमति गर्न बाध्य भएको थियो । यही सेरोफेरोमा रहेर बिहीवार नेपाली कांग्रेस, नेकपा (एकीकृत समाजवादी)का एकजना गरी १० जना कार्यपालिका सदस्यले बैठक बहिष्कार गरेका हुन् ।

बहुमत सदस्यले माग गरेपछि कानुनत: ३० दिनभित्र विशेष नगरसभा बोलाउनु पर्ने हुन्छ । ३० भदौभित्र विशेष नगरसभा बोलाउनु पर्ने दबावमा मेयर लामा छिन् ।




तर, उनले राजश्व परामर्श समितिका संयोजक समेत रहेका उपमेयरसहित कांग्रेसका वडाध्यक्षहरुसँग छलफल गरेर मात्रै एउटा निर्णयमा पुग्ने बैठकमा सहभागी हुन आएका कार्यपालिका सदस्यलाई जानकारी गराएर कार्यपालिका बैठक स्थगित गरिन् । यसले विशेष नगरसभाको मिति अनिश्चित बनेको छ ।

यता नेकपा एमालेका वडाअध्यक्षहरु भने बहुमत कार्यपालिका सदस्य उपस्थित हुँदाहुँदै मेयरले बैठक स्थगित गरेकोमा असन्तुष्ट छन् । २९ सदस्यीय कार्यपालिकामा बिहान ८ बजेलाई तय भएको बैठकमा १६ जना सदस्य उपस्थित थिए । नेपाली कांग्रेसबाट निर्वाचित एकजना वडाअध्यक्षले पार्टीमा कर समायोजनको विषयमा छलफल जारी रहेकाले आज बोलाइएको बैठकमा उपस्थित नभएको जानकारी दिए । 'एमालेले बहुमत छ भन्दैमा छलफल नै नगरी नगरसभा बोलाउन माग गऱ्यो । करको विषयलाई राजनीतिक मुद्दा बनाएकोले यसमा हाम्रो सुरुदेखि नै बिमति छ । करको विषयलाई राजनीति नगरी समस्याको हल गनुपर्छ भन्नेमा हामी छौं । आवश्यक छलफल गरेर मात्रै अगाडि बढ्छौं ।' कांग्रेसका एक वडाअध्यक्षले भने ।

हेटौंडा-१ का वडाध्यक्ष समेत रहेका उपमहानगरका प्रवक्ता सविन न्यौपानेले उपमेयरसहित कांग्रेसका र नेकपा (एकीकृत समाजवादी)बाट निर्वाचित एकजना गरी१० जना वडाअध्यक्षहरु बैठकमा उपस्थित नभएको जानकारी दिए । उनले अर्को बैठक बोलाएर विशेष नगरसभा बोलाउनेबारे छलफल भइरहेको बताए ।

हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देलले उपमेयरसँग छलफल गरेर मात्रै अर्को बैठक तय गर्ने बताएर मेयरले एकपक्षीय तरिकाले बैठक स्थगित गरेको बताए । बहुमत कार्यपालिका सदस्य उपस्थिति रहेको बैठक मेयरले विशेष नगरसभा नतोकी स्थगित गरेकोमा गम्भीर तापूर्वक लिएको उनले बताए । जिम्मेवार उपमेयरसहित काँग्रेससम्बद्व वडाअध्यक्षहरु बैठकमा योजनाबद्व अनुपस्थिति रहेको उनको आरोप छ ।

व्यवसायीले उपमहानगरसँग सबै शीर्षकमा वृद्धि गरिएको कर सतप्रतिशत फिर्ता गरी पुरानै दर कायम गरिनु पर्ने, अवैज्ञानिक विज्ञापन कर खारेज गरिनु पर्ने, उपभोक्त समितिमार्फत हुने सबै प्रकारको विकास निर्माणको काम निर्माण व्यवसायीमार्फत गरिनु पर्ने, होटल व्यवसायलाई रातको १२ वजेसम्म सेवा संचालनको प्रत्याभूत गरिनु पर्ने तथा पुन वैज्ञानिक वर्गीकरण गरिनु पर्ने, निर्माण व्यवसायीले विभिन्न समयमा काम गरी भुक्तान गरिसकिएको भ्याट रकम पुन: शीर्षक परिवर्तन गरी वक्यौता देखाइएको उपमहानगरको गल्ती तत्काल सच्याउनु पर्ने, घरबहाल कर वर्गिकरण गरी घरधनी स्वयमले भुक्तान गर्ने व्यवस्था मिलाउनु पर्ने माग राखिएको थियो ।

सहमतिअनुसार मकवानपुर उद्योग वाणिज्य संघ लगायतका व्यावसायिक संघसंस्थाले उठाएका विषयमा आगामी नगर सभाबाट सम्बोधन गर्ने प्रतिबद्धता उपमहानगरले गरेको छ । मेयर लामा, उपप्रमुख बानियाँ, प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम, प्रवक्ता न्यौपाने र व्यवसायीको तर्फबाट मउवा संघका अध्यक्ष कृष्णकुमार अग्रवाल गुप्ता, निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कंडेल, मउवा संघ उपाध्यक्ष उज्ज्वल चौलागाईं, राजु अधिकारी, होटल एसोसिएसनका उपाध्यक्ष कल्याण पौडेलले सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । ७ असार २०८१ मा सम्पन्न १५ औं नगरसभाबाट करवृद्धि गरिएको थियो ।

# बागमतीमा १७८० जना डेंगु संक्रमित फेला



साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/ बागमती प्रदेशमा एक हजार सात सय ८० जनामा डेंगु संक्रमण पुष्टि भएको छ । प्रदेशमा गत साउन १ गतेदेखि हालसम्म यो संख्यामा डेंगु संक्रमित भेटिएको प्रदेशको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार, प्रदेशमा साउनमा ८ सय ४० र भदौमा ९ सय ४० जनामा डेंगु संक्रमण पुष्टि भएको हो । जसनुसार प्रदेशको १२ जिल्लामध्ये चितवनमा सबैभन्दा बढी डेंगु संक्रमित भेटिएका छन् । त्यहाँ यो अवधिमा ७ सय ४६ जनामा डेंगु संक्रमण पुष्टि भएको हो ।

यसैगरी, काठमाडौंमा ५ सय जना, मकवानपुरमा १ सय ८९ जना, ललितपुरमा १ सय ३१ जना, धादिङ र काभ्रेमा ६८/६८ जना, भक्तपुरमा २५ जना, नुवाकोट र दोलखामा १२/१२ जना, सिन्धुपाल्चोक र सिन्धुलीमा ९/९ जना, रामेछापमा ६ जनामा डेंगु संक्रमण पुष्टि भएको हो । सो अवधिमा डेंगु संक्रमणका कारण एकजनाको मृत्यु भएको जनाइएको छ ।

# प्रमुख करअधिकृत भट्टराईसँग छलफल

साझाकुरा संवाददाता



हेटौंडा, २० भदौ/ आन्तरिक राजश्व कार्यालय, हेटौंडाबाट विदाईको क्रममा रहनुभएका प्रमुख करअधिकृत तुलसीप्रसाद भट्टराईसँग बिहीबार छलफल कार्यक्रम गरिएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघले अध्यक्ष कृष्णकुमार गुप्ताको अध्यक्षतामा छलफल कार्यक्रम गरेको हो । प्रमुख कर अधिकृत भट्टराई हेटौंडाबाट रसुवा भन्सार कार्यालयप्रमुखको रुपमा र सुवा सरुवा भएका छन् । उनले कार्यक्रममा मन्तव्य राख्दै सरुवा बढुवा जागिरे जीवनको नियमित प्रक्रिया भएको, जसको कारण देशभर सरुवा हुन पाउँदा देश घुम्ने अवसर जागिरे जीवनले जुटाइदिएको बताए ।

करप्रमुखको रुपमा मकवानपुरमा आफ्नो सेवाअवधि एकवर्ष तीन महिना एघार दिन भएको बताए । मकवानपुरमा आफ्नो कार्यभारवहन गरिरहँदा उद्योगी/व्यवसायीसँग कुनै द्वन्द्वात्मक अवस्था नभएको, पदीय जिम्मेवारी निभाउने सन्दर्भमा नियम पालना गराउनबाहेक दु:ख दिने मनसाय राखेर कुनै व्यवहार नगरेको उनको भनाई थियो । रसुवा पर्यटकीय जिल्ला रहेको, मानसरोवर जाने प्रमुख नाकाको रुपमा रसुवा रहेको र केरुङनाका जोडिएको उनले बताए ।

संघका तर्फबाट अध्यक्ष गुप्ता, उपाध्यक्ष प्रमोदसिंह रानाभाट र महासचिव दीपक उप्रेतीले मन्तव्य राखेका थिए । कार्यक्रममा प्रमुख करअधिकृत भट्टराईको भविष्यमा थप प्रगतिको कामना गरिएको थियो । मउवासंघका अध्यक्ष गुप्ताले उद्योगी/व्यवसायीसँग हातेमालो गर्दै राज्यलाई कर संकलनमा योगदान गर्न सफल भएको र उद्योगी/ व्यवसायीसँग मैत्रीपूर्ण सम्बन्ध राख्दै सौहाद्ररुपमा कर प्रशासनको नेतृत्व गरेकोमा प्रशंसा गरे ।

त्यसैगरी संघका उपाध्यक्ष रानाभाटले समय-समयमा करका प्रावधानबारे अनुशिक्षण गराई उद्योगी/व्यवसायीलाई सुसूचित गराएकोमा धन्यवाद व्यक्त गरे ।

HetaudaCityCollege.edu.np

ADMISSION OPEN



" First IT College In Makwanpur "

BSc.CSIT | BCA | BBS

Register Now

HETAUDA CITY COLLEGE (Affiliated to T.U.)

Hetauda - 5, Piple, Makwanpur
9855077417, 9855067435, 9855069444
Hetaudacitycollege@gmail.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०७१५, ९८१७२८४६१४, ९८४५२२७०५७

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित



- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# जागरुक महिलाको खोजी

समाजमा परिवर्तनका लागि लामो समयदेखि निरन्तर लागिरहने स्वभावका मानिसलाई राज्यले खासै चासो दिएको पाईंदैन । राज्यले प्रदान गर्ने तक्मा वा पदकहरु प्राय: चाकडी गर्नेले बढी पाएका छन् । सरकारी पदकमा दिने र लिनेबीच अदृष्य करार हुनेगरेको छ । कतिपय पदक पाउने ब्यक्ति पदक लिन नगएका कारण गृहमन्त्रालयमा थन्क्याइएका पदकमा खिया लागिरहेको छ । चाकडीमा सरकारी पदक थापेका कतिपय पदकधारीलाई आपराधिक क्रियाकलापमा संलग्न भएकोमा पक्राउ गरिएको घटना पनि ताजै छ । सरकारी पदकलाई आम नागरिकले हेर्ने दृष्ट्रिकोण परिवर्तन भएको छ । सामान्यतया आमनागरिकले मिडियालाई समाजमा घटेका सबै प्रकारका घटनाका समाचार र मनोरञ्जन दिने सहजै लिने गरेको पाइन्छ । तर, मकवानपुरमा १५ वर्षदेखि एउटा रेडियोले हरितालिका तीजको अबसरमा समाजमा योगदान पुर्‍याउँदै आएका जागरुक महिलाको खोजी गर्दै तीजको सांस्कृतिक र परम्परागत महत्वबारे बुझाउँदै आएको छ । नागरिकलाई सूचना बाँडेर समाज सुसूचित गरिरहेको रेडियो दैनिक समाचार र मनोरञ्जनसँगै सामाजिक क्षेत्रको विकासमा योगदान पुर्‍याउँदै आएका महिला र संघसंस्थाको खोजी गरेर उनीहरुको योगदानको कदर पनि गर्दै आएको छ । सामाजलाई योगदान पुर्‍याएका महिलाको हैसला बढाउने कार्यमा दिव्यतारा बहुउेश्यीय सहकारी संस्था लिमिटेडबाट सञ्चालित जिल्लाको पहिलो सामुदायिक रेडियो रेडियो मकवानपुर लागेको छ ।

कोभिड-१९ को संकटको समयमा एकवर्ष छोडेर रेडियो मकवानपुरले १५ वर्षदेखि जागरुक महिला सम्मान गर्दै आइरहेको छ । पछिल्लो समय नेपाली समाजमा हरितालिका तीजलाई हेर्ने दृष्टिकोण दुई ध्रुवमा विभाजित छ । एउटा सांस्कृति परम्परा अनुसार सभ्य तीज र अर्को अनेकौं विकृतिले मडारिएको भद्दा तीज । तीजको नाममा परिवारसँगै बसेर सुन्न नसकिने गीत र नृत्यमात्र नभई खानपिनमा मादकपदार्थको प्रयोग बढ्नुले यसको महत्व मास्दै लगेको नागरिक समाजका अगुवाहरु बताउँछन् । यतिसम्म की, तीजको परिभाषा नै बिग्रिएर यसको सुधारका लागि बहससमेत हुने गरेका छन् । तीज विशेषत: महिलाको पर्व हो । रेडियो मकवानपुरले विगत १५ वर्षदेखि तीजको अबसरमा सामाजलाई योगदान पुर्‍याएका महिला सम्झिँदै आइरहेको छ । तीजमा नाच्ने, गाउने मात्र नभई सामाजलाई नै सन्देश दिने महिलाको खोजी गर्नु र उनीहरुको योगदानको कदर गर्नु महत्वपूर्ण काम हो । यसले अन्य महिलाको हैसला बढाउँछ भने समाजमा महिलाको अगुवाईमा वृद्धिविकास हुन्छ । यसवर्ष २०८१ को तीजको अबसरमा डकर्मी र खेलकर्मी महिला सम्मानित भए । सम्मानित हुनेमा हेटौंडा-५ की खेलकर्मी सरेशा ढुंगाना र हेटौंडा-१९ बस्तीपुरकी डकर्मी गौरीमाया सिन्तान छिन् । ढुंगाना तीन दशकदेखि तेक्वान्दो खेलसँग आबद्ध छिन् भने सिन्तान १२ वर्षदेखि डकर्मी पेशामा सक्रिय हुन् । ढुंगाना मकवानपुरबाट तेक्वान्दो खेलको पहिलो महिला मेडलिष्ट हुन् । सिन्तान भने आर्थिक अवस्था कमजोर भएपछि घर बनाउने काममा लागेर महिला मिस्त्रीका रुपमा परिचित छिन् । दुवैजनालाई रेडियोले बुधवार जनही नगद १० हजारसहित सम्मानपत्र प्रदान गरेको हो ।

रेडियो मकवानपुरले विगतका वर्षमा जागरुक महिला सम्मानबाट दक्षिण एसियाकी पहिलो महिला रेफ्रि तथा पूर्वराष्ट्रिय महिला फुटबलर कल्पना शर्मा, महिलाअधिकारकर्मी माइती नेपालकी माया लामा, शक्ति समूहकी अस्मिता तामाङ, साहित्यकार शान्तिप्रिय बन्दना, मनहरीको तत्कालीन हाँडीखोला गाविसमा झोलुङ्गे पुल बनाउने ईश्वरी (योगमाया) न्यौपाने लगायतका समाजमा योगदान पुर्‍याएका २८ जनालाई सम्मानित गरिसकेको छ । रेडियोले तीजमा मात्र नभई १६ माघमा वार्षिकोत्सवको अवसरमा सामुदायिक सम्मान नाम दिएर दुईजना (महिला वा पुरुष) लाई सम्मान गर्दै आएको छ । सामुदायिक सम्मानबट यसअघि अन्तराष्ट्रिय बक्सिङ खेलाडी तथा पिप्लेक्याम्पा रंगशालाको निर्माणकर्ता सुशील घिमिरे (हाल हेटौंडा-५ वडाध्यक्ष), मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारी, मामाघर नेपालका संरक्षक अपर्ण पराजुली, लैगिंकअल्पसंख्यकको क्षेत्रमा सक्रिय किरण थापा, दुर्व्यसनमुक्त समाज निर्माणको अभियानमा लागेका सन्दीप शाक्यलगायत थुप्रै व्यक्तित्वलाई सम्मान प्रदान गरिसकेको छ । रेडियोले फरक क्षेत्रमा चुपचाप काम गरिरहेका महिलालाई सम्मान गर्नु सकारात्मक पक्ष भएको बताइएको छ । रेडियोले आयोजना गरेको जागरुक महिला सम्मान तथा विविध सांस्कृतिक कार्यक्रममा कलाकारले प्रत्यक्ष दोहोरी प्रस्तुत गरेका थिए । यस्तै, कार्यक्रममा उत्कृष्ट नृत्य प्रस्तुत गर्ने १० जना सहभागीलाई रेडियोले पुरस्कृत गरेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र २२ गते शनिबार ७ सेप्टेम्बर २०२४ । चतुर्थी, भाद्र शुक्लपक्ष । नलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:४६, सूर्यास्त ६:१६ । निजामती सेवा दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विद्यार्थीका लागि लाभदायक | **तुला** | : दिन राम्रोसँग बित्नेछ |
| **वृष** | : सम्मानित काम हुनेछ | **वृश्चिक** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **मिथुन** | : धार्मिक काममा रुचि बढ्नेछ | **धनु** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **कर्कट** | : काममा एकरुपता आउनेछ | **मकर** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **सिंह** | : यात्राबाट लाभ हुनेछ | **कुम्भ** | : काममा प्रगति हुनेछ |
| **कन्या** | : धनको समस्या पार लाग्नेछ | **मीन** | : व्यापारमा लाभ हुनेछ |

# गणतन्त्र र संविधान च्यात्ने सरकारको उल्टो यात्रा



✍ डोरप्रसाद उपाध्याय 'निर्मलकुमार'

नेपालमा गणतन्त्रको आगमन भएको पनि करिब १८ वर्ष भइसकेको छ । यो अवधिमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पटकपटक प्रधानमन्त्री बन्नुभएको छ । २०७२ देखि २०७३ सम्म पहिलोपटक, २०७५ देखि २०७८ सम्म दोस्रोपटक र अहिले तेस्रोपटक गरी करिब चार वर्ष प्रधानमन्त्री बनिसक्नुभएको छ र यो कार्यकाल कति जान्छ, त्यो हेर्न बाँकी छ ।

पछिल्लो नौ वर्षमा बिचका केही महिनाबाहेक एमाले पार्टी अटूट रूपमा सरकारमा सहभागी भएकै छ । तर मुलुकको अधोगति रोकिएको छैन । त्यसो त योबिचमा माओवादीले पनि पटकपटक सरकारको नेतृत्व गर्ने अवसर पाएको थियो । अधोगतिका लागि केही हदसम्म माओवादी पनि जिम्मेवार छ होला । तथापि एमालेको कथनी र करणीमा देखिएको अन्तरले पैदा गरेको समस्याले मुलुक राजनीतिक, आर्थिक र सामाजिक हिसाबले समेत संकटग्रस्त बन्दै गएको तथ्यलाई कसैले अस्वीकार गर्न सक्दैन ।

कोरोनाकालमा एमाले पार्टीको नेतृत्वमा भएका तमाम आर्थिक अनियमितताका काण्ड अहिले पनि अभिलेख छन् । यती र ओम्नी मात्र होइन, कोरोनाकालमा स्वास्थ्य सामग्री खरिदमा देखिएको भ्रष्टाचार नेपाली जनताको मानसपटलमा ताजै बसेको छ । यी र अन्य सबै तथ्य हेर्दा एमाले त्यसमा पनि केपी ओलीको शासनकालमा मुलुक थिलथिलो हुने गरी गिजोलिएको छ । यो सरकार भ्रष्टाचार, राजनीतिक जालझेल, षड्यन्त्र, कपट र अराजनीतिक गठबन्धनको विकृत मानसिकताको घोलमा जन्मिएको छ ।

अहं, पूर्वाग्रह दूषित मनोवृत्ति, भ्रष्ट कार्यशैली र बदनियतको पोको बोकेर समाजवादमा जान सकिँदैन । अझ ओलीमा त गर्ने र बोल्ने कुरामा कहींकतै केहीको पनि साइनो-सम्बन्ध पाइँदैन । उनले बोलेका पानी जहाज, रेल, घर-घरमा ग्यासको पाइपजस्ता सफेद झुटले उनको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठाएको छ ।

ओलीले न कानुन मान्छन्, न त पार्टी विधान । उनको आदेश विगतको राजतन्त्रमा राजा-महाराजाले गर्ने हुकुमजस्तो हुन्छ । उनलाई प्रश्न गर्ने, उनको आलोचना गर्ने, उनीसँग वादविवाद गर्ने छुट त्यो पार्टीमा कसैलाई छैन । नेकपा कालमा उनले गरेको असंवैधानिक हर्कत, बालुवाटारलाई आफ्नो निजी दरबार ठानेर गरिएका असंवैधानिक फर्मान इतिहासमा नकारात्मक हर्कतका रूपमा दर्ज भइसकेका छन् । तत्कालीन राष्ट्रपति समेतलाई असंवैधानिक हर्कतमा लालमोहर लगाउन लगाएर मुलुकको अभिभावक बन्ने उनको चाहना पनि निर्विवाद बनाउन सकेनन् । संवैधानिक नियुक्ति नै असंवैधानिक गरेपछि मुलुकमा कानुन पनि छ भनेर नेपाली जनताले कसरी बुझ्ने ? मुलुकको सर्वोच्च पदमा रहेकैबाट संविधान र कानुनको धज्जी उडाएपछि संविधान कसरी जोगिन्छ ? आखिर त्यही भयो– संसद्को दुई-दुईपटक विघटन र संविधानको मानमर्दन । अहिले पनि ओली त्यही दाउ कुरेर थिति भत्काउँदै हिँडिरहेका छन् ।

अहंलाई सिद्धान्तमा विकास गर्ने, सिद्धान्तलाई भ्रष्टीकरण गर्ने र भ्रष्टीकरणलाई आफ्नो कार्यशैली बनाउने मनोदशाले मान्छेलाई सकारात्मक हुनबाट रोक्छ । त्यस्ता मान्छेबाट राजनीतिक कुरा थोरै र असामान्य कुरा धेरै हुन्छन्, ती मान्छे अलौकिक कुरा गरेर भौतिकवादको मानमर्दन गर्न पुग्छन् । आज मुलुकमा जनताको बलिदानबाट प्राप्त उपलब्धिमाथि वर्तमान गठबन्धनको गिद्धेनजर त्यसैको परिणाम हो । त्यसमा पनि संविधान संशोधनको रटान त्यही प्रतिगामी सोचबाट जन्मेको विकार हो । अहिले सरकारका प्राथमिकता विवेकले होइन, अहंकार र स्वार्थ समूहको प्रभावले तय भइरहेका छन् । विगतमा गिरिबन्धु चिया बगान काण्डमा भएको नीतिगत भ्रष्टाचार होस् वा वर्तमानमा विद्युत् महसुल नउठाउने बारेको प्रधानमन्त्रीको ठाडो निर्देशन वा टीयुमाथि गरिएको प्रधानमन्त्रीको हस्तक्षेप त्यही विकारयुक्त हर्कत हुन् । यस्ता हर्कत गरेर सरकार माफियालाई खुसी बनाउन उद्दत देखिन्छ । अर्थात् यो सरकार जनताको खुसी रोक्ने र माफियालाई खुसी बाँड्ने दलाल नोकरशाही पुँजीवादको असली प्रतिनिधि हो भन्ने कुरामा दुईमत छैन ।

विगतमा शक्तिशाली नेकपाको सरकार आफैँले ढाल्ने, दुई-दुईपटक संसद् विघटन गर्ने र माग दाबी नै नभएको पार्टी विभाजनको फैसला गर्न उद्यत गर्ने ओलीमा अहिले पनि त्यही प्रकारको अहंकार पलाउन खोजेको देखिन्छ । अहिले पनि सरकार छाड्नुपर्दा संसद् नै विघटन गर्ने हुन् कि भन्ने आशंका यत्रतत्र छ ।

समृद्धि र समाजवाद यो गठबन्धनको नेतृत्वको देखाउने दाँत मात्र हो । मुख्य कुरा त भत्काउने हो । विधि भत्काउने, प्रणाली भत्काउने, सुशासन भत्काउने र मुलुकलाई २०४७ तिर फर्काउने मनसाय बोकेर नाफामा गएका संस्थानलाई धराशायी बनाउने खेलमा छ । त्रिभुवन विश्वविद्यालयमाथिको नाङ्गो हस्तक्षेप, विद्युत् प्राधिकरणमाथि गरिएको हमला, नेपाल वायुसेवालाई ध्वस्त बनाउने रणनीति अन्तर्गत गरिएका चालबाजी लगायत तमाम हर्कत हेर्दा यो सरकार प्रतिगमनको यात्रामा छ भन्ने सहजै अनुमान गर्न सकिन्छ । अर्थात् समाजवाद र गणतन्त्र भत्काउने प्रतिगामी सोचबाट अगाडि बढ्न खोजेको देखिन्छ । यसलाई बेलैमा रोक्न सक्नुपर्छ ।

माफिया गठबन्धनबाट ओली प्रधानमन्त्री भएको पुगनपुग दुई महिना हुँदै छ । यो दुई महिनामा उनले गरेका धेरैजसो निर्णय विवादमा तानिएका छन् । सार्वजनिक लेखा समितिमा भएको विद्युत् महसुल उठाउने निर्णय गर्ने विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकमाथि कारबाहीको बदनियत राखेर गरिएको छलफल त्यसैको अंग हो । यो गठबन्धनको नेतृत्वले राज्यका हरेक संयन्त्रमा ओलिटिक्स लागु गर्न खोजिरहेको छ । कपट, छलछाम र फर्जी कुरालाई आदर्श ठानेर त्यही गलत कुरालाई सत्य साबित गर्न बारम्बार गल्ती गरिरहने प्रवृत्ति नीति र विधि होइन, षड्यन्त्रको सिद्धान्त हो । सम्मानीय प्रधानमन्त्रीले यही सिद्धान्त पछ्याएर हिँडिरहनुभएको छ । जनयुद्धबारे योगेश भट्टराईले संसद्मा दिएको पछिल्लो अभिव्यक्ति त्यही प्रतिगामी सोचको झुसिलो डकार हो ।

सम्मानीय प्रधानमन्त्रीले भ्रष्टाचार गर्दिनँ भन्नुहुन्छ तर उहाँकै छत्रछाया र मायामा करोडौं अनियमितता भइरहेका समाचार बाहिरिएका छन् । टिकटक खुलाउनदेखि विद्युत् महसुल उठाउन नदिने ठाडो आदेश विवेकबाट जन्मिएका सुशासनका अभिव्यक्ति हुन् भनेर कसरी पत्याउने ? विगतको बतास काण्ड, जलाहरी काण्ड, राष्ट्रघाती महाकाली सन्धि, बालुवाटार ललिता निवास जग्गा काण्ड हुँदै नेपालीलाई भुटानी शरणार्थी बनाउने काण्डको सुई सानेपा हुँदै बालकोट छिरेपछि यो गठबन्धन बनेकामा कुनै शंका छ र ? बेचेन झाबाट बेचैन भएर मध्यरातमा गरिएको प्रधानमन्त्री पद बाँडफाँडको 'तमसुक' के सुशासनमैत्री छ ? यो सरकारले सरकार बनेको ५० दिनमा झन्डै ५० वटा नै विवादास्पद निर्णय गरेर यो सरकार माफियाको पक्षमा रहेको कुरा आफैँले प्रमाणित गरिरहेको छ, तर एमाले र कांग्रेसजन मौन छन् ।

अहिले प्रश्न मुर्छित छन् । विवेक बन्धकी बसेका छन् । सुशासन र पारदर्शिता मजाकका विषय बनेका छन् । आफ्नो आदेशलाई कानुन सम्झने र ठाडो निर्देशन दिँदै हिँड्ने प्रवृत्तिले लोकतन्त्रलाई कहाँ पुर्‍याउला ? अझ अदालतको आदेशलाई समेत कार्यान्वयन गर्न आनाकानी गर्ने प्रवृत्तिले कानुनको शासन कसरी परिपालन होला ? संसद्लाई ढाँट्ने, जनतालाई ढाँट्ने, आफ्ना सहकर्मीलाई ढाँट्ने र आफ्नो बदनियत लागु गर्न खोज्ने प्रवृत्तिले सरकार दिन प्रतिदिन उल्टो बाटोमा हिँडिरहेको छ । सरकार जनताको नायक होइन, खलनायक बनेर उपलब्धि उल्टाउने र जनाधिकार खोस्ने दाउमा छ । अर्थात् बेथितिको अर्को ब्रान्ड एमाले हो भनेर जनताले किन नबुझ्ने ? गणतन्त्र र संविधान स्वीकार नगर्नेले समृद्धि ल्याउला भनेर कसरी पत्याउने ?

राष्ट्रियता र स्वाभिमानको रक्षा, गणतन्त्रको सबलीकरण र समाजवादको यात्रा तय, जनजीविकाको सवालमा सर्वहारा वर्गीय दृष्टिकोण खोजेका नेपाली जनता यति बेला थप निराश भएका छन्, अर्बौं रकमको अपचलन गर्नेहरूप्रति यो सरकारले देखाएको रबैयाले उत्पीडित जाति, वर्ग र समुदायले के आश गर्ने ? जनयुद्धको बखत तत्कालीन राजतन्त्रले नजर बन्दमा राख्दा आत्मसमर्पण गर्न तयार भएर 'बयल गाढा चढेर अमेरिका पुगिँदैन' भनेर गणतन्त्रलाई खिसिट्युरी गर्नेहरू नै अहिले त्यही गणतन्त्रबाट पालित पोषित छन्, तर पनि यो सरकारले गणतन्त्रको मानमर्दन गर्न, संविधानबाट जनाधिकार खोस्न र राज्यलाई नै भ्रष्टीकरणको बाटोमा हिँडाउने दिशा तय गर्न भने छाडेको छैन । गणतन्त्रबाट नाजायज फाइदा पनि लिने, प्रमुख पदहरू पनि नछाड्ने अनि यसैलाई तथानाम गर्ने प्रवृत्ति नै ओलिटिक्स हो, पोलिटिक्स होइन ।

त्यसैले मुलुकलाई थप तहसनहस हुनबाट जोगाउन, आर्थिक सुशासन कायम गर्न, बेथिति र प्रतिगमन रोक्न, सडक र सदनबाट खबरदारी गर्न माओवादीले कार्यक्रम बनाएर जानुको विकल्प छैन । माफिया गणतन्त्रबाट मुलुकलाई जोगाउन, ओली शासनकालमा गिजोलिएको प्रणालीलाई सही बाटोमा डोर्‍याउन सबै देशभक्त र समाजवादी गणतन्त्रका पक्षधरहरूको साझा मोर्चा बनाएर मुलुक असफल हुनबाट रोक्न सम्भावित तेस्रो जनआन्दोलनको तयारीमा जुट्नैपर्छ ।

एकाधिकार पुँजीवादलाई पछ्याएर राष्ट्रिय पुँजीको विकास गर्न सकिँदैन । बेथितिलाई बोकेर समृद्धिको ढोका खोल्न पनि सकिँदैन । अहंकार, इर्ष्या र आडम्बरलाई आदर्श सम्झने प्रवृत्तिले पुर्‍याउने नै प्रतिगमनतिर हो । यो गठबन्धन त्यही नकारात्मक आदर्शबाट प्रेरित छ र एमाले प्रतिगमनको नेतृत्व गर्ने कित्तामा उभिन पुगेको छ । अस्थिरता, बेथिति, विघटन, गणतन्त्र र संविधानमाथिको आक्रमण, समावेशी र समानुपातिक प्रणालीविरुद्ध गरिएका चालबाजी लगायत प्रतिगामी विचार बोकेर कथित दुईतिहाइको दम्भको आडमा मुलुकलाई असफल बनाउन खोज्ने ओलिटिक्सका विरुद्ध सदनमा जमेर प्रतिपाद गरौँ र मुलुकलाई अग्रगामी बाटोमा हिँडाउने समाजवादी खाका कोरौँ । आफूभित्रका समस्या र कमजोरी सच्चाएर प्रतिगमनविरुद्ध मोर्चा बनाएर नेतृत्व गर्न ढिला नगरौँ । अन्यथा गणतन्त्र र संविधान प्रतिगमनको सिकार हुन बेर लाग्नेछैन ।

*(साभार: रातोपाटी)*

# विद्यार्थी भिसामा विदेशिनेको डरलाग्दो अवस्था

✍ धर्मराज भट्टराई

पछिल्लो समय मुलुकको प्रमुख समस्याका रुपमा युवा पलायनलाई लिने गरिएको छ । हरेक सरकारले युवालाई देशमै राख्ने नीति तथा कार्यक्रमहरु तर्जुमा गरिँदै आएको बताए पनि त्यसको असर देखिएको छैन । अहिले दैनिक करिब २५ सयभन्दा बढी युवा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट विदेशिने गरेका विवरणहरु बाहिर आएका छन् ।

धेरैले युवाहरु रोजगारीका लागि विदेशिएको भन्ने गरे पनि शिक्षाका लागि भन्दै बाहिरिने लर्को पनि लामै देखिन थालेको छ । मुलुकबाट ठूलो संख्यामा युवा विद्यार्थीहरु विदेशिएसँगै नेपाली विश्वविद्यालय र क्याम्पसहरूमा अध्ययन गर्ने विद्यार्थीको संख्यामा कमी आएको छ । विशेष गरी, विश्वविद्यालयहरुले सञ्चालनमा ल्याएका स्नातक र स्नातकोत्तर तहका कार्यक्रमहरुमा तोकिएको सिट संख्याभन्दा ज्यादै न्यून विद्यार्थी भर्ना हुने गरेका छन् । एकातिर विश्वविद्यालय तथा सम्बद्ध शैक्षिक संस्थाहरुमा विद्यार्थीको खडेरी परेको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय विमानस्थलमा विद्यार्थीहरुको भीड थामी नसक्ने अवस्थामा पुगेको छ ।

अध्ययनसँगै पैसा पनि कमाउन सकिने आशा बोकेर विद्यार्थी भिसामा विदेश उड्ने नेपाली युवाहरुको लर्को नै लागेको छ । ०७५/७६ देखि अहिलेसम्म करिब ६ वर्षको अवधिमा मात्रै ४ लाख ६४ हजारभन्दा बढी विद्यार्थी विदेशिएको वैदेशिक अध्ययन अनुमति शाखाको तथ्यांक छ । गत आव ०८०/८१ मा मात्र १ लाख १२ हजार ५ सय ९३ जनाले वैदेशिक अध्ययनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट नो अब्जेक्सन लेटर (एनओसी) लिएको जनाइएको छ । शिक्षा मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाको तथ्यांकअनुसार अघिल्लो आव यस्तो अनुमति लिनेको संख्या १ लाख १० हजार २ सय १७ जना थियो । कोभिडका कारण ०७७/७८ मा २७ हजार ९ सय र ०७६/७७ मा ३४ हजार ९६ विद्यार्थीले मात्रै एनओसी लिएको भए पनि त्यसअघि र पछिका वर्षहरुमा यो गति बढ्दो क्रममा देखिन्छ । आव ०७५/७६ मा यो संख्या ६३ हजार २ सय ९५ थियो ।

अहिले दैनिक करिब ५ सयजना विद्यार्थीले यस्तो अनुमति लिने गरेको शिक्षा मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाले जनाएको छ । यो तथ्यांक हेर्दा सरदर नेपालबाट वार्षिक एक लाखभन्दा बढी विद्यार्थी वैदेशिक अध्ययनका लागि विदेशिने गरेका छन् । यी विद्यार्थीहरु विदेश जाँदा देशमा युवाको खडेरी मात्र परेको छैन, मुलुकको ढुकुटीसमेत दिन-प्रतिदिन रित्तिँदै गएको छ । विगत ६ वर्षको अवधिमा करिब ४ खर्ब रुपियाँभन्दा बढी रकम विद्यार्थी भिसामार्फत बाहिरिएको राष्ट्र बैंकको तथ्यांक छ । पछिल्लो एक वर्षको अवधिमा मात्र विदेश अध्ययनमा जाने विद्यार्थीबाट १ खर्ब २५ अर्ब १३ करोड रुपियाँ बाहिरिएको छ । राष्ट्र बैंकको तथ्यांकअनुसार ०८० साउनदेखि ०८१ असार मसान्तसम्ममा सो परिमाणको रकम बाहिरिएको हो । अघिल्लो वर्ष ०७९/८० मा १ खर्ब ४२ करोड रकम विद्यार्थी भिसामार्फत बाहिरिएको थियो ।

शिक्षालाई मुलुकको आर्थिक तथा सामाजिक विकासका लागि आवश्यक पूर्वाधारको पनि पूर्वाधार मान्ने गरिन्छ । तर, अहिलेसम्म पनि मुलुकको शिक्षा प्रणालीले लय समात्न नसकेको गुनासो छ । सरकारको अदूरदर्शी योजना र शैक्षिक प्रतिष्ठानहरुमा देखिएको बेथितिले विद्यार्थीहरु यहाँको शिक्षा प्रणालीप्रति विश्वस्त हुन नसकेको अवस्था छ । यसको विकल्पको रुपमा उनीहरु विदेशी अध्ययन संस्थानहरुप्रति आकर्षित हुन थालेका छन् । पछिल्लो १० वर्षमा विदेशमा अध्ययनका लागि एनओसी लिने विद्यार्थीको संख्या झन्डै १० गुणाले बढेको छ । १० वर्षको अवधिमा अध्ययनका लागि विदेश जाने विद्यार्थीको संख्या औसतमा ४३.९ प्रतिशतले बढेको देखिएको छ । मुलुकका विश्वविद्यालयहरुमा मौलाउँदै गएको बेथिति र राजनीतिक हस्तक्षेपले एकातिर समय सुहाउँदो शिक्षा पद्धतिको विकास हुन सकेको छैन भने अर्कोतर्फ दक्ष जनशक्तिसमेत उत्पादन गर्न नसकेको अवस्था छ । यसै कारण नेपालका विश्वविद्यालयहरु विद्यार्थीहरुलाई आकर्षित गर्न सकेका छैनन् ।

देश विकासका लागि आवश्यक मानवीय स्रोतको निर्माणमा विश्वविद्यालयहरुको प्रमुख भूमिका हुने गर्छ । विश्वविद्यालयले मुलुकको समग्र विकासका लागि दक्ष जनशक्तिको उत्पादन गर्न सक्नुपर्छ । जसले कुनै समस्याको विश्लेषण गर्ने, तर्क गर्ने, प्रस्तुत गर्ने र समाधान खोज्ने सामर्थ्य राखेको हुन्छ । तर यदि उद्गम स्थल नै कमजोर भयो भने यसबाट हुने विकास पनि दिगो हुन सक्दैन । नेपालमा अहिले विश्वविद्यालयहरुबाट दीक्षित विद्यार्थीहरुसमेत दक्ष जनशक्ति हुन सकेका देखिँदैनन् । आफ्नो विषयवस्तुसँग सम्बन्धित विज्ञताको अभावले अध्ययनपश्चात् समेत रोजगारीका अवसरहरु प्राप्त गर्न सकेका छैनन् । यसै कारणसमेत स्वदेशी विश्वविद्यालयहरुले विद्यार्थीहरुलाई आकर्षित गर्न सकिरहेका छैनन् । यसको विकल्पको रुपमा उनीहरूले वैदेशिक अध्ययनलाई रोजेको देखिन्छ । विद्यार्थी भिसामा विदेशिएका सबैको उद्देश्य उच्च शिक्षा हासिल गर्नु मात्र नरहेको देखिन्छ । पछिल्लो समय धेरैले विद्यार्थी भिसालाई माध्यम बनाएर श्रमको खोजीमा विदेशिएका घटनाहरुसमेत बाहिर आएका छन् । हालै मात्र श्रमको खोजीमा विद्यार्थीका रूपमा रुस पुगेका १५० नेपाली युवा मस्कोमा बिचल्ली परेको खबर बाहिर आएको थियो । यो एउटा प्रतिनिधि घटना मात्र हो । एसिया, युरोप, अफ्रिकादेखि अमेरिकासम्मका विभिन्न मुलुकमा नेपाली युवाहरु श्रम गर्न विद्यार्थी भिसामा पुग्ने गरेका छन् ।

गत आवमा वैदेशिक अध्ययनका लागि नेपाली युवाहरुले विद्यार्थी भिसा लगाएर बाहिरिएका प्रमुख गन्तव्य मुलुकहरुमा जापान, अमेरिका, युनाइटेड किङ्डम (युके), कोरिया, अस्ट्रेलिया, क्यानडा देखिन्छन् । यस अवधिमा जापानका लागि ३४ हजार ७३१ जना, क्यानडाका लागि १५ हजार ९८२ जना, अस्ट्रेलियाका लागि १४ हजार ३७२ जना, युकेका लागि १३ हजार ३३९ जना, अमेरिकाका लागि ११ हजार २६१ जनाले वैदेशिक अध्ययन अनुमतिपत्र पाएको जनाइएको छ । त्यसै गरी, रिपब्लिक अफ कोरियाका लागि ६ हजार ८८९, डेनमार्कका लागि १ हजार ७५४, फिनल्यान्डका लागि १ हजार ५३५, फ्रान्सका लागि १ हजार ४८९, इन्डियाका लागि २ हजार ३८९, न्युजिल्यान्डका लागि १ हजार ४४६, युएईका लागि २ हजार १४७ जनाले समेत एनओसी पाएका थिए । यसबाहेक बंगलादेश, चीन, बहराइन, जर्मनी, आयरल्यान्ड, ग्रीस, हंगेरी, मलेसिया, माल्टा, फिलिपिन्स, पोल्यान्ड, कतार, स्पेन, स्वीडेन र थाइल्यान्डका लागि समेत विद्यार्थीले अध्ययनका लागि अनुमति लिएका छन् ।

केही समयअघिसम्म नेपालका विश्वविद्यालयमा पढ्नु भनेको गर्वको कुरा हुन्थ्यो । त्यहाँ पढेपछि भविष्य सुनिश्चित भएको महसुस गर्ने गरिन्थ्यो । छोराछोरीले विश्वविद्यालयमा अध्ययन गरेको विषयलाई बाबुआमाले आफ्नो इज्जतसँग दाँज्ने गर्दथे । तर, अहिले त्यस्तो अवस्था छैन । मुलुकभित्रकै विश्वविद्यालयमा आफ्ना सन्तानहरुलाई पढाउन अभिभावकहरु समेत तयार देखिँदैनन् । यसको मुख्य कारण मुलुकभित्रका विश्वविद्यालयहरुमा रहेको बेथिति पनि एक हो । अधिकांश विश्वविद्यालयहरु बन्द, हड्ताल, तालाबन्दी र राजनीतिक हस्तक्षेपले शैक्षिक क्यालेन्डर चुस्तदुरुस्तरुपमा अगाडि बढाउन सकेका छैनन् । यसले गर्दा नियमित पठनपाठन, वार्षिक परीक्षा, परीक्षाफल प्रकाशन जस्ता शैक्षिक क्रियाकलापहरु अनियमित हुन पुगेका छन् । चारबर्से स्नातक तह पूरा गर्न करिब सात वर्ष लाग्ने, परीक्षाफल, प्रश्नपत्र आदिसमेत त्रुटिरहित हुन नसक्दा यसप्रतिको विश्वास क्रमश: घट्दै गएको देखिन्छ ।

देशका कर्णधारका रुपमा परिचित युवाहरु दिन-प्रतिदिन विदेशिने क्रम बढ्नुमा सबैभन्दा बढी जेम्मेवार मुलुकको राजनीतिक नेतृत्वले लिनुपर्ने देखिन्छ । कुनै पनि मुलुकको भविष्य त्यस देशका राजनीतिक नेतृत्वहरुमा निर्भर हुने गर्छ । राजनीतिक नेतृत्वले नै मुलुकको बागडोर सम्हाल्ने भएकाले उनीहरुमा रहेको दूरदर्शिता, क्षमता, लक्ष्य तथा उद्देश्यले मुलुक कुन दिशातर्फ लाग्दै छ भन्ने अनुमान लगाउन सकिन्छ । मुलुकको आर्थिक एवम् सामाजिक समृद्धिको बागडोर समाएर बसेका राजनीतिक नेतृत्व इमानदार, सक्षम एवम् दूरदर्शी भएको खण्डमा मात्र उनीहरुबाट आशा गर्ने ठाउँ रहन्छ । राजनीतिक नेतृत्व इमानदार भएको खण्डमा यसले मुलुकको आर्थिक, सामाजिक एवम् शैक्षिक क्षेत्रमा समेत सकारात्मक प्रभाव पर्न सक्छ । यसले मात्र मुलुकभित्रै भविष्य सुनिश्चित हुन सक्छ भनेर आशा गर्न सक्ने अवस्था ल्याउन सक्छ । तथापि, नेपालको विगत तीन दशकभन्दा बढी समयदेखिको इतिहास हेर्ने हो भने अहिलेसम्म आशा लाग्दो राजनीतिक नेतृत्व नदेखिएको भान भएको छ । राजनीतिक अस्थिरता, भ्रष्ट शासक, बारम्बार सरकार परिवर्तन भैरहनु, सत्ताको लुछाचुँडी देखेर वर्तमानका युवाहरुले स्वदेशमा आफ्नो भविष्य सुरक्षित नहुने आँकलन गरेका देखिन्छन् । यसै कारण उनीहरु देश छोड्न हतार गरेका छन् ।

मुलुकका युवाले आफ्नो वर्तमान सँगसँगै भविष्य पनि सुनिश्चित भएको हेर्न चाहनुलाई स्वाभाविक मान्न सकिन्छ । उनीहरु आफू र आफ्ना सन्ततिको भविष्यप्रति चिन्तित देखिन्छन् । यता मुलुकभित्रबाट शारीरिक एवम् मानसिकरुपमा अब्बल जनशक्ति दिन-प्रतिदिन विदेशिने क्रम बढ्दै जाँदा यसले राज्यको आर्थिक, सामाजिक एवम् राजनीतिक क्षेत्रमा प्रतिकूल प्रभाव पर्ने देखिन्छ । मुलुकमा भित्रिने रेमिट्यान्सले मात्र देशको आर्थिक अवस्थालाई सधैंभरि थेग्ने अवस्था रहँदैन । आन्तरिक उत्पादन र उत्पादकत्वमा वृद्धि नभई देशमा आर्थिक समृद्धि हुन सक्दैन । उत्पादन र उत्पादकत्व वृद्धिका लागि सबैभन्दा महत्वपूर्ण साधन मानव संसाधन हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# वाइड बडीमा अरूलाई भ्रष्टाचार मुद्दा, निगम अध्यक्षलाई उन्मुक्ति



काठमाडौं/विशेष अदालतमा बयान दिएका वाइड बडी खरिद प्रकरणका आरोपितहरूले आफूसरह निर्णय प्रक्रियामा संलग्न युवराज अधिकारीलाई मुद्दा नचलाएको विषय प्रमुखताका साथ उठाएका छन् । अधिकारी तीन वर्षदेखि नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष छन् । आठ वर्षअघि नेपाल वायुसेवा निगमले दुईवटा वाइड बडी विमान खरिद प्रक्रिया अघि बढाउँदा उनी निगमको वित्त विभागमा कार्यरत थिए । विमान खरिद प्रक्रियामा उनको संलग्नता रहेको प्रमाणहरु देखिए पनि अख्तियारले उनीमाथि मुद्दा चलाएन ।

अख्तियारलाई अनुकुल हुनेगरी प्रमाणको सिर्जना गरेको र त्यसबापत सहुलियत पाएको भन्दै आरोपितहरूले अनुसन्धानको निष्पक्षतामा प्रश्न उठाएका हुन् । अधिकारीको भूमिका माथि प्रश्न उठाउनेमा निगमका तत्कालिन अध्यक्ष एवं पर्यटन सचिव शंकर अधिकारीदेखि त्यतिबेला वित्त विभागमा काम गरेका उनी मातहतका कर्मचारीहरू समेत छन् ।

विशेष अदालतमा पेश भएको वाइडबडी विमान खरिद भ्रष्टाचारको आरोपपत्र र त्यस सम्बन्धी कागजात अनुसार, निगमको अर्थ विभागका तत्कालीन प्रमुख अधिकारी ६ माघ, २०७३ सालमा व्यवस्थापनले गठन गरेको सम्झौता सम्बन्धी नेगोसिएसन उपसमितिमा संलग्न थिए ।

अधिकारी संलग्न वार्ता टोलीले एयरबस उपलब्ध गराउन छनोट भएको एएआर कम्पनीका प्रतिनिधिसँग २४२ टनको साटो २३० टन क्षमताको विमान खरिद गर्ने सहमति गरेको थियो । ऋण लिने कागजात तयार गर्ने, भुक्तानी सम्बन्धी निर्णयका प्रक्रियाहरूमा समेत वित्त विभागका तत्कालीन प्रमुख अधिकारी संलग्न थिए ।

त्यसको अर्को महिना अर्थात फागुन, २०७३ मा निगम व्यवस्थापनले जहाज खरिदका लागि छलफल र वार्ता गर्न टोली गठन गरेको थियो । वार्ता टोलीले नै जहाज उपलब्ध गराउने कम्पनीका प्रतिनिधिहरूसँग छलफल गरी आफ्नो विश्लेषण सहितको राय वायुसेवा निगमको सञ्चालक समितिमा पेश गरेको थियो, जसमा अधिकारी समेत संलग्न थिए ।

टोलीले चैतमा प्रस्तावबारे अध्ययन गरी प्रतिवेदन पेश गरेको थियो । उनीसँगै उपसमितिमा रहेका निगम कर्मचारीहरू भ्रष्टाचार आरोप सामना गरिरहेका छन् । युवराज अधिकारी निगमको कार्यकारी अध्यक्षमा नियुक्त भइसकेपछि अख्तियारले वाइडबडी विमान खरिद प्रक्रियामाथिको छानबिन अघि बढाएको थियो ।

त्यसै सिलसिलामा अधिकारीले एयरबसलाई निगमको तर्फबाट उडान भर्दाको अधिकतम क्षमता (म्याक्सिमम टेक अफ वेट-एमटीओडब्लु) थपघट गर्दा लाग्ने समय र शुल्कबारे एयरबसको मुख्यालयमा इमेलबाट सोधपुछ गरेका थिए । जवाफमा एयरबसले त्यसरी क्षमता फेरबदल गर्दा कम्तीमा ६ महिना चाहिने भन्दै लाग्ने शुल्कको विवरण समेत नेपाल वायुसेवा निगममा पठाइदिएको थियो । कार्यकारी अध्यक्ष युवराज अधिकारीले त्यो इमेलको सबै विवरण र एयरबसले खुलाएको व्यहोरा अख्तियार पठाइदियो, जुन अख्तियारका लागि भ्रष्टाचार मुद्दा चलाउन महत्वपूर्ण प्रमाण बन्यो ।

वाइडबडी विमान प्रकरणमा मुद्दा चलेका आरोपितहरूले एकातिर तत्कालिन वित्त विभाग प्रमुखलाई मुद्दा नचलाएकोमा प्रश्न गरेका छन् भने अर्कोतर्फ उनले अख्तियार पठाएको प्रमाणको औचित्यमाथि प्रश्न उठाएका छन् । तत्कालीन पर्यटन सचिव एवं निगमको सञ्चालक समितिका अध्यक्ष शंकर अधिकारीले विशेष अदालतमा बयानका क्रममा युवराज अधिकारी माथि भ्रष्टाचार मुद्दा नचलाएकामा प्रश्न गरेका छन् ।

उनले बयानमा भनेका छन्, 'आयोग र युवराज अधिकारी बीचको कपटपूर्ण अघोषित सहमतिबाट एकातर्फ उनलाई मुद्दा नचलाउने, अर्कोतर्फ उनीबाट अरुमाथि मुद्दा चलाउन सहज हुने गरी प्रमाण सिर्जना गर्न सघाउने अभिप्रायले निगम र एयरबसका कर्मचारी बीचमा इमेलको संवाद सुरु भएको देखिन्छ ।'

२०७५ सालमा प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले वाइडबडी जहाज खरिदमा भ्रष्टाचार भएको भनी अनुसन्धान गर्न अख्तियारलाई निर्देशन सहितको पत्र पठाएको भए पनि लामो समय अनुसन्धान अघि बढ्न सकेन । गत फागुनमा मात्रै वायुसेवा निगमले जहाज 'मोडिफिकेसन' गर्दा लाग्ने समय र शुल्कका बारेमा एयरबसमा इमेल संवाद सुरु गरेको थियो ।

वाइड बडीको मुद्दामा प्रतिवादी निगमका तत्कालीन सञ्चालक बुद्धिसागर लामिछाने पर्यटन मन्त्रालयका प्राविधिक सहसचिव समेत हुन् । उनले पनि विशेष अदालतको बयानमा वाइडबडी खरिद प्रक्रियामा संलग्न देखिएका युवराज अधिकारीमाथि मुद्दा नचलाउने अख्तियारको निर्णयमाथि प्रश्न उठाएका छन् ।

उनले बयानमा भनेका छन्, 'युवराज अधिकारीलाई प्रस्तुत मुद्दामा प्रतिवादी बनाइएको छैन भने यही नियतवश सिर्जना गरेका संवादका आधारमा म समेतलाई प्रतिवादी बनाइएको अन्यायपूर्ण छ ।' विमान खरिदको सम्झौता गर्ने सिलसिलामा वार्ता उपसमितिमा युवराज अधिकारीका साथै रमेशबहादुर शाह, जनकराज कालाखेती, प्रभास कुमार कर्माचार्य, उपेन्द्र पौडेल, श्रवण रिजाल, पारस पौडेल, उमेश पौडेल र बृहतमान तुलाधर थिए ।

अरुविरुद्ध मुद्दा चल्दा उपसमितिमा रहेका अधिकारीमाथि भने मुद्दा नचलेको देखिन्छ । वरिष्ठ क्याप्टेन श्रवण रिजालले विशेष अदालतमा अख्तियारको अनुसन्धान अधिकारीले दोहोरो रवैया अपनाएको भन्दै प्रश्न उठाएका छन् । निगमको सञ्चालक समिति सदस्य हुँदा गरेको निर्णयले मुद्दा चलेका पूर्वसचिव शिशिर ढुंगानाले पनि अधिकारीको भूमिकामा प्रश्न उठाएका छन् ।

रमेशबहादुर शाहसमेत संलग्न उपसमितिले विमान उड्दाको तौल क्षमता (एमटीओडब्लु) घटाउने भए त्यही अनुपातमा मूल्य पनि कम गर्नुपर्ने' भनी प्रतिवेदनमा सिफारिस गरेको थियो । ८ कात्तिक २०७८ देखि नेपाल वायुसेवा निगमको कार्यकारी अध्यक्षमा नियुक्त अधिकारीले विशेष अदालतमा वाइडबडी खरिद प्रक्रियाबारे बकपत्र गरेका छन् भने आरोपितका कानुन व्यवसायीहरूले उनको जवाफमा प्रतिप्रश्न (जिरह) गरेका छन् ।

विमानकोक्षमता घटाउने भए मूल्य पनि घटाउनुपर्छ भनेर आफूले अडान लिएको अधिकारीको दावी छ । आरोपितका कानुन व्यवसायीहरूले लिखित फरक मत (नोट अफ डिसेन्ट) लेखेको कागजात भेटिदैन भनेर प्रश्न गरेपछि जवाफमा उनले भनेका छन्, 'यो विषय अख्तियारलाई थाहा होला ।'

सुरुमा विमानको मूल्य घटाउनुपर्छ भन्ने आफूले अडान राखेको दावी गर्ने अधिकारी पछि भने मूल्य नघटाई सबै रकम भुक्तानी गर्ने काममा संलग्न भए ।

वित्त विभागको प्रमुखको रुपमा भुक्तानी प्रक्रियामा उनको भूमिकामाथि प्रश्न उठ्यो । जवाफमा उनले अदालतमा भनेका छन्, 'सञ्चालक समिति र उपसमितिले मूल्य नघटाई भुक्तानी गर्ने निर्णय गरेकाले सामान्य कर्मचारीले यसलाई निस्तेज गर्नसक्ने अवस्था नरहेको बेहोरा अनुरोध गर्दछु ।'

मुद्दा दायर गर्नुअघि अख्तियारले युवराज अधिकारी निगमका कार्यकारी अध्यक्ष नियुक्त भएपनि उनलाई बयान लिएको थियो । आयोगले 'भ्रष्टाचारजन्य कसुर अपराध गरेको पुष्टि हुने प्रमाणको अभाव रहेको देखिएको' भन्दै मुद्दा नचलाउने निर्णय गरेको हो ।

अख्तियारको निर्णयमा भनिएको छ, निगमलाई हानिनोक्सानी पुऱ्याई भ्रष्टाचारजन्य कसुर, अपराध गरेको पुष्टि हुने प्रमाणको अभाव रहेको देखिएको हुँदा पछि थप प्रमाण प्राप्त भएमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५९ (ग) बमोजिम हुने नै हुँदा हाल केही गरिरहन परेन ।' अख्तियारको यही निर्णयमाथि सबैजसो आरोपितहरूले प्रश्न उठाएका हुन् ।

दुईवटा वाइड बडी विमान खरिदमा एक अर्ब ४७ करोड रुपैयाँ भ्रष्टाचार भएको दाबी गरेको अख्तियारले ३२ जनाविरुद्ध २२ चैत, २०८० मा विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो । उक्त मुद्दामा आरोपितहरू र साक्षीको बकपत्र गर्ने काम सकिएको छ । विशेष अदालतले सरकारी र आरोपित दुवै पक्षलाई बहसनोट पेश गर्न आदेश दिएको छ । बुधबारका लागि तोकिएको पेशी स्थगित भएपछि विशेष अदालतले आगामी आइतबार (२३ भदौ) मा वाइडबडी विमान भ्रष्टाचार मुद्दाको सुनुवाइ गर्ने अर्को मिति तोकेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# फिल्म 'ज्ञान शास्त्र' बन्ने, डेब्यु गर्दै स्मारिका




काठमाडौं/दिनेश कुँवरको निर्देशनमा फिल्म 'ज्ञान शास्त्र' बन्ने भएको छ । बिहीबार थिम पोस्टर सार्वजनिक गर्दै फिल्मको घोषणा गरिएको हो । पोस्टरमा खप्टिएका चार थान शास्त्रका पुराना किताबलाई प्रस्तुत गरिएको छ भने पृष्ठभूमिमा चाँदी झैँ टल्किएको हिमाल र हरियो डाँडाको काखमा रहेको एक सुन्दर गाउँ चित्रित छ । फिल्मले शिक्षा सम्बन्धी विषय उठाउन लागेको जानकारी पोस्टरले गराउँछ ।

निर्देशक कुँवरले शिक्षा क्षेत्रका समस्या र राजनीतिले पारेको प्रभावको कथामाथि फिल्म बन्न लागेको जानकारी दिए । यो फिल्मबाट चर्चित मोडल स्मारिका ढकालले अभिनेत्रीको रुपमा डेब्यु गर्ने भएकी छन् । टिकटकबाट उदाएकी उनले चार दर्जन बढी म्यूजिक भिडियो गरिसकेकी छन् । 'ज्ञान शास्त्र'मा स्मारिकाका साथै समीर खान र पूर्णिमा थापाको पनि शीर्ष भूमिका रहने जनाइएको छ ।

विकास बराल र प्रेम बहादुर श्रेष्ठको संयुक्त लगानीमा निर्माण हुन लागेको फिल्ममा सुशील पोखेल, सुरवीर पण्डित, सुवास गजुरेल, श्याम राई, रविन्द्र झा, नरेश पौड्याल, अनुज गुप्ता, ममता पौडेल, दीपक अधिकारी, मौसम खड्का, आयुस श्रेष्ठ, अनिल खड्का लगायतको पनि अभिनय देख्न सकिनेछ । आभाष रानाको लेखन रहेको फिल्मको निर्माण नियन्त्रकमा भोला सुवेदी (प्रणव) छन् ।

यही भाद्र २३ गते मुहूर्त गरेर चितवनको ग्रामीण तथा शहरी क्षेत्रमा फिल्मको छायांकन गर्ने तयारीमा निर्माण टिम रहेको छ । विष्णु परियारले छायांकन गर्न लागेको फिल्मको गीतमा कृष्ण भण्डारी शर्माको शब्द र शिव के. परियारको संगीत रहनेछ । 'ज्ञान शास्त्र' निर्देशक कुँवरको पहिलो फिचर फिल्म हो । उनीसँग केही सर्ट फिल्म र एक दर्जन म्यूजिक भिडियो निर्देशनको अनुभव भने छ ।

# प्रिमियरमा 'देवी'ले उठाएको विषयको प्रशंसा

काठमाडौं/बलात्कार विरुद्धको आवाज उठाएको फिल्म 'देवी' तीजको दिन पारेर शुक्रबार बाट प्रदर्शनमा आउने तयारीमा छ । प्रदर्शनको पूर्वसन्ध्यामा बुधबार साँझ काठमाडौंको कमलपोखरीस्थित बिग मुभिजमा फिल्मको 'रेड कार्पेट' प्रिमियर गरिएको थियो, जहाँ उपस्थित अधिकांश अतिथिहरुले विषयवस्तु र अभिनेत्री शिल्पा मास्केको अभिनयको मुक्तकण्ठले प्रशंसा गरेका थिए ।

अभिनेत्री सृष्टि श्रेष्ठले फिल्मको विषयवस्तुले भावुक बनाएको बताइन् । नेपालमा बलात्कार तथा महिला हिंसाको कानुन बलियो भए पनि त्यसको प्रभावकारी कार्यान्वयन जरुरी रहेकाले 'देवी' जस्ता फिल्मले सरकारलाई घच्घचाउने उनको विश्वास छ । अभिनेत्रीद्वय लुनिभा तुलाधर र मेनुका प्रधानले फिल्म अत्यन्त राम्रो बनेको र यसले उठाएको मुद्धा बहसको विषय हुनुपर्ने धारणा राखेका थिए ।

अभिनेता कार्म शाक्यले फिल्मले गम्भीर विषयलाई उत्कृष्ट ढंगले प्रस्तुत गरेकाले आफ्नो मन छोएको प्रतिक्रिया दिए । 'अगस्त्य'का निर्देशक सौरभ चौधरीले 'देवी' जस्तो कन्टेन्टमा आधारित फिल्म निर्माण गर्ने हरेक मेकरको सपना हुने बताए । समाज र देशमा भैरहेको बलात्कारका घटना र त्यसमा देखिने कानुनको प्रभावलाई फिल्मले सुक्ष्म र सशक्त रुपमा उठाएको उनको भनाइ थियो ।

प्रिमियरमा फिल्मलाई राम्रो प्रतिक्रिया प्राप्त भएपछि कलाकारदेखि निर्देशकको अनुहारमा खुसीको भाव देखिएको थियो । क्राइम-थ्रिलर जनरामा निर्माण भएको फिल्मका निर्देशक सञ्जोग राई हुन् । यसमा शिल्पा मास्के, गौरव पहारी, नाजिर हुसेन, टीका पहारी, प्रभाकर न्यौपाने, ध्रुब कोइराला, निरिक्षा घतानी, विशाल पहारी, निरु खड्का, जीवन जंग खड्का र विकास पन्तको अभिनय छ ।

# कस्तो छ 'रावायण'को बुकिङ ?



काठमाडौं/यतिबेला हलमा नेपाली फिल्मको कुनै अभाव छैन । हरेक हप्ता नयाँ फिल्महरुको ओइरो-पहिरो छ । मात्र अभाव भनेको दर्शकको देखिन्छ । गत असार अन्तिममा आएको 'घरज्वाइँ'पछि कुनै फिल्मले लगानी त टाढाको कुरा, कलाकारहरुलाई तिरेको पारिश्रमिक पनि उठाउन सकेका छैनन् । यो निराशाका बीच भोलि शुक्रबार (तीजको दिन)बाट दुई फिल्म 'रावायण' र 'देवी' प्रदर्शन हुँदैछन् ।

चर्चाको हिसाबले 'रावायण' अगाडि देखिन्छ । त्यसैले यो फिल्मले सुस्ताएको बजारलाई चलायमान बनाउने ठूलो अपेक्षा गरिएको छ । टिजर, शीर्ष गीत र ट्रेलरपछि चुलिएको हाइप हेर्दा फिल्मको इनिसियल व्यापार राम्रो हुनसक्ने सम्भावना बलियो छ । 'स्टारकास्ट' पनि बलियो भएकाले युवा दर्शक आकर्षित हुनसक्ने आधार देखिन्छ । र, फिल्मले तीज विदाको फाइदा पनि राम्रै उठाउन सक्छ ।

बुधबार दिउँसोबाट 'रावायण'को मल्टीप्लेक्सहरुमा बुकिङ खुलिसकेको छ । फिल्मले देशभरका मल्टीप्लेक्समा १ सय २० हार हारी शोज पाएको छ । फिल्मको चर्चाको हिसाबले प्राप्त शोज उल्लेख्य भने होइन । बिहीबारबाट आएको तमिल फिल्म 'गोट'का कारण शोज बाँडिएको देखिन्छ । तथापि, उपलब्ध शोजमा ५० प्रतिशत मात्रै पनि अकुपेन्सी मिल्यो भने फिल्मले राम्रो ओपनिङ पाउनेछ ।

देशकै सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्समा फिल्मलाई प्राप्त शोजमा बिहीबार दिउँसोसम्म सामान्य 'बुकिङ' देखिएको छ । यद्यपि, बुकिङ गर्नेको संख्या विस्तारै बढिरहेको छ । त्यसो त नेपाली फिल्मको टिकट अनलाइनबाट भन्दा काउन्टरबाट नै बढी बिक्री हुने गरेको पाइन्छ । यसैले 'रावायण'प्रति दर्शकहरुमा उत्साह रहेछ भने शुक्रबारबाट हलको काउन्टरमा चाप देखिन सक्छ ।

यसमा अभिनेता पल शाह र पूजा शर्माको मुख्य भूमिका छ । यसअघि 'म यस्तो गीत गाउँछु'को दुईवटा सफल श्रृंखलामा देखिएका उनीहरुको यो तेस्रो सहकार्य हो । उनीहरु दुवैको आफैंमा बलियो 'फ्यान फलोइङ' छ । यसको फाइदा पनि फिल्मले उठाउनेमा दुईमत छैन । सुदर्शन थापाको निर्देशनमा बनेको 'रावायण'मा पलले सकारात्मक र नकारात्मक गरी दुईवटा चरित्र निभाएका छन् ।

# आफ्नो मिर्गौला ७० हजारमा बेचेका युवा नै मिर्गौला तस्करीका नाइके

काठमाडौं/'मेरो मिर्गौला पनि छैन । अहिले हातमा पैसा पनि छैन' आफ्नो अंग बेचेको पैसा नै नपाएको भन्दै एक युवक बालाजु क्षेत्रमा मदिराको नसामा भौतारिँदै बरबराउँथे । 'न मिर्गौला छ न पाइयो पैसा' नसामा भएको रुँदै चिच्याउने गरेका ती युवकबारे मानव बेचबिखन अनुसन्धान ब्यूरोमा आइपुग्यो । ती युवक मनिष (नाम परिवर्तन)लाई ब्यूरोले नियन्त्रणमा लिएर केरकार गऱ्यो ।

बाँयातर्फको पेटको भाग चिरिएको थियो । अस्पताल लगेर जाँच गराएपछि युवकको कुरा पुष्टि भयो । मनिषको बाँयातर्फको मिर्गौला थिएन । अनुसन्धानको क्रममा १० लाख रुपैयाँ पाउने भनेर मिर्गौला बेचे पनि मनिषले पटक-पटक गरेर ४ लाख ७० हजार रुपैयाँ मात्रै पाएको खुलेको थियो । त्यसपछि अनुसन्धान अघि बढाएको ब्यूरोले मिर्गौला तस्करीमा संलग्न भएको आरोपमा ललितपुरको महालक्ष्मी नगरपालिका-८ का ३७ वर्षीय शंकर खत्री ९ भदौमा पक्राउ परे । मकवानपुरको भीमफेदी गाउँपालिका-२ की ४२ वर्षीया शान्तिमाया घलान पनि त्यसबेला पक्राउ गरिन् ।

मंगलबार मात्रै ब्यूरोको टोलीले मिर्गौला तस्करीका मुख्य व्यक्ति काठमाडौंको नैकापका ५५ वर्षीय नारायण परियारलाई पक्राउ गरेको छ । ब्यूरोका एसपी तथा प्रवक्ता गौतम मिश्रका अनुसार परियार नै यो मिर्गौला तस्करी प्रकरणका मुख्य व्यक्ति हुन् । मनिषलाई काठमाडौंको बल्खुदेखि स्थलमार्ग हुँदै वीरगञ्ज रक्सौल हुँदै कोलकत्ता पुऱ्याउने व्यक्ति रहेको मिश्रले बताए । उनीमार्फत् नै अन्य व्यक्ति परिचालित भएर काम गरेको खुलेको छ ।

स्थलमार्गबाट भारत जाँदा प्रहरीले केरकार गरे सपिङ गर्न हिँडेको भन्नु भन्दै मनिषलाई उनैले कोलकत्ता पुऱ्याएको खुलको छ । पक्राउ परेका परियारविरुद्ध बुधबार मात्रै काठमाडौं जिल्ला अदालतबाट ९ दिनको म्याद लिएर प्रहरीले अनुसन्धान अघि बढाएको छ । यो प्रकरणमा ३ जना पक्राउ परे पनि अझै २ जना भने फरार रहेका छन् ।

**आफैंले बेचेका थिए ७० हजारमा मिर्गौला**

पक्राउ परेका परियार आफैंले समेत मिर्गौला बेचेको पाइएको छ । परियारले आफूले पनि यसअघि नै मिर्गौला बेचेको बताउँदै पेटको खत प्रहरीलाई देखाएका थिए । अस्पतालमा लगेर जाँच गर्दा उनको पनि एउटा मात्रै मिर्गौला रहेको खुलेको मिश्रले बताए । परियारको भनाई अनुसार उनले करिब ८/९ वर्षअघि भारतमा गएर मिर्गौला बेचेका हुन् । त्यसबेला जम्मा ७० हजारमा मिर्गौला बेचेको उनले प्रहरी समक्ष बताएका छन् ।

मिर्गौला बेच्नुको कारण बारे उनले आफूलाई चाहिने दैनिक खर्च नभएकाले बेचेको बताएका छन् । परियारले आफ्नो पेटको खत देखाउँदै 'मिर्गौला दिंदा केही नहुने भनी विश्वास दिलाउने गरेको पाइएको र उनकै विश्वामा परेर मनिषले मिर्गौला बेचेको खुलेको' एक अनुसन्धान अधिकृतले बताए ।

**मिर्गौला लिने महिलाको मृत्यु भएको अभियुक्तको दाबी**

मिर्गौला प्रत्यारोपणका लागि मनिषलाई २०८० को असोजमा कलकत्ता पुऱ्याइएको थियो । त्यसपछि उनी भागेर काठमाडौं आएका थिए । पुन: उनलाई सम्झाउँदै फकाएर कलकत्ता लगिएको थियो ।

कलकत्तामा फ्ल्याट भाडामा लिएर उनलाई राखिएको थियो । मदिराको नसामा रहेका उनलाई मिर्गौला प्रत्यारोपण गर्नुपर्ने भएकाले मदिरा सेवन गर्न दिइएको थिएन भने पोषणयुक्त खाना दिएर मिर्गौला दिन योग्य बनाइएको थियो । त्यसपछि माघको अन्तिममा मिर्गौला प्रत्यारोपण गरिएको थियो ।

ब्यूरोको टोलीले यो घटनामा मिर्गौला बेच्न उक्साउनेदेखि, बेचबिखनमा सहयोग गर्ने र मिर्गौला लिने (रिसिभ) गर्ने व्यक्तिसम्म प्रतिवादी हुने भन्दै मिर्गौला लिने व्यक्तिको पनि खोजी गरेको छ । तर, मिर्गौला दिने मनिषदेखि मंगलबार पक्राउ परेका नारायणले समेत मिर्गौला रिसिभ गर्ने महिलाको मृत्यु भएको दाबी प्रहरी समक्ष गरेका छन् ।

मनिषलाई कोलकत्ताको अम्री अस्पताल पुऱ्याएर मिर्गौला लिने महिलाको मृत्यु भएको उनीहरुको दाबी छ । तर यसबारे आधिकारिक पुष्टि हुन बाँकी नै छ । अनुसन्धान यो भन्दा अघि नबढोस् भन्ने सोचाई कारण पनि उनीहरुले ती महिलाको मृत्यु भएको दाबी गरेको हुनसक्ने भन्दै प्रहरीले अनुसन्धान अघि बढाइरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# चाडपर्व लक्षित सहुलियत पसल ७ असोजदेखि सञ्चालन हुने

काठमाडौं/सरकारले चाडपर्व लक्षित सहुलियत पसल असोज पहिलो सातादेखि सञ्चालन गर्ने भएको छ । ७ असोजदेखि छुट सहित सहुलियत पसल सञ्चालन गर्ने खाद्य व्यवस्था तथा व्यापार कम्पनीका प्रमुख कार्यकारी अधिकृत रमेश आचार्यले बताए ।

सरकारले बजेटमा सहुलियत पसलका लागि ३ करोड बजेट विनियोजन गरेको छ । चाडपर्वमा बजार मूल्यलाई नियन्त्रण गर्न र सन्दर्भ मूल्य निर्धारण गर्न भन्दै सकराले सहुलयितपूर्ण पसल सञ्चालन गर्दै आएको छ । चाडपर्वको समयमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी, साल्ट ट्रेडिङ कर्पोरेसन र दुग्ध विकास संस्थान मार्फत सहुलयित पसल सञ्चालन हुँदै आएको छ ।

कम्पनीका अनुसार सहुलियत पसल सञ्चालनमा आएपछि सबैथरी चामलको मूल्य प्रतिकेजी ५ रुपैयाँ छुट हुनेछ । 'कम्पनीले हालै गरेको बजार विश्लेषणमा चामलको मूल्य बजारमा भन्दा सस्तो छ । त्यसमा पनि सहुलियत पसल सञ्चालन भएपछि थप ५ रुपैयाँ छुट दिन्छौं,' कम्पनीका एक अधिकारीले भने, 'कर्णाली प्रदेश बाहेक दालजन्य वस्तुमा प्रतिकेजी ५ रुपैयाँ छुट दिन्छौं ।'

कर्णालीको रैथाने बालीहरूमा प्रतिकेजी ७ रुपैयाँ, तेलमा प्रतिलिटर ७ रुपैयाँ र घिउ पनि प्रतिकेजी ७ रुपैयाँ छुटमा बिक्री हुने कम्पनीले जनाएको छ । खसी, बोका र च्याङ्राको बिक्री मूल्य भने खरिदपछि मात्रै निर्धारण हुने कम्पनीले जनाएको छ । प्रतिकेजी १० रुपैयाँ छुट सहित खसी, बोका र च्याङ्रा उपलब्ध गराउने कम्पनीले जनाएको छ । 'खसी, बोका र च्याङ्राको बिक्री मूल्य बजार मूल्यभन्दा सस्तो नै हुन्छ,' कम्पनीकी सूचना अधिकारी शर्मिला न्यौपाने सुवेदीले भनिन्, 'च्याङ्रा करिब ३०० र खसी-बोका १ हजार ५०० वटा ल्याउने तयारी छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*



# कुलेखानीको क्षमता साँघुरिँदै, विद्युत उत्पादनमा गिरावट

साझाकुरा संवाददाता



हेटौंडा, २० भदौ/ मकवानपुरको उत्तरीक्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिका र थाहा नगरपालिकासँग जोडिएको कुलेखानी जलाशयमा पाटी अट्ने क्षमता साँघुरिदै गइरहेको छ । जसकारण विद्युत उत्पादनमा पनि गिरावट आएको छ ।

सुरुमा कुलेखानी जलाशयमा ८५ दशमलब ३ मिलियन क्युसेक पानी अटने क्षमता थियो, त्यो क्षमतामा ह्रास आएर अहिले ५९ दशमलव ९९ मिलियन क्युसेकमा झरेको छ । कुलेखानी सञ्चालनमा आएको ४१ वर्षमा १३ मिटर भन्दाबढी जलाशयको पिँधको सतह बृद्धि भएको छ । सरोवरको सतह बढेकाले जलाशयको पानी संकलन गर्ने क्षमतामा ३० प्रतिशत गिरावट आएको हो । विद्युत् उत्पादनमा पनि ३० प्रतिशतले ह्रास आएको छ ।

कुलेखानी जलविद्युत् आयोजनाको जलाशयको पिँधको सतह बढेकाले ६ करोड ३३ लाख युनिट विद्युत् उत्पादनमा कमी आएको छ । सुरुको अवस्थाको तुलनामा विद्यूत प्राधिकरणले वार्षिक करिब ३५ करोड रुपैयाँ नोक्सानी व्यहोर्दै आएको छ । कुलेखानी जलाशयको पानी संकलनको क्षमता नै न्यून हुँदै गएकाले विद्युत् उत्पादनमा पनि कमी आएको हो । सुरुमा जलाशयमा संकलन गरिएको पानीबाट २१ करोड ११ लाख युनिट विद्युत् उत्पादन हुने गर्थ्यो । तर, अहिले त्यो क्षमतामा ह्रास आएर १४ करोड ४७ लाख युनिटमात्र विद्युत् उत्पादन गर्ने क्षमता रहेको छ ।

जलाशयको पानी संकलनको क्षमतामा नै ह्रास आएकाले विद्युत् उत्पादनमा कमी आएको हो । 'पानी संकलन क्षमतामा ह्रास आएपछि उत्पादन स्वत: प्रभावित हुन्छ । करिब २७ मिलियन क्युसेक पानी अटने क्षमतामा ह्रास आएको छ,' कुलेखानी प्रथमका एक प्राविधिकले भने । बर्सेनि जलाधार क्षेत्रबाट खोलाले बगाएर ल्याउने ढुंगा, माटो, वालुवा र पातपतिङ्गर जलाशयमा थुपार्ने कारणले गर्दा सरोवरको सतह बढेकाले पानी अट्ने क्षमता साघुँरिदै गएको हो ।

२०३९ सालमा कुलेखानी जलविद्युत् आयोजना प्रथम सञ्चालनमा आउँदा जलाशयमा संकलन भएको पानीमध्ये ५७ मिटर पानी विद्युत् उत्पादन गर्न प्रयोग गर्न सकिन्थ्यो । २०५० सालको बाढीपछि जलाशयमा संकलन भएकोमध्ये ५० मिटरमात्र पानी विद्यूत उत्पादन गर्न सकिन्थ्यो । हाल करिब ४६ मिटरमात्र पानी विद्युत् उत्पादन गर्न प्रयोग गर्न सकिन्छ । सरोवरमा संकलित पानीलाई प्रयोग गर्ने उद्देश्यले कुलेखानी पहिलो, दोस्रो र तेस्रो निर्माण गरिएको हो ।

जलाशयको तल्लो सतह बढेर पानी संकलन गर्ने क्षमतामा कमी आएपछि कुलेखानीका तीनवटै विद्युत् उत्पादन गृह प्रभावित हुनेछन् । विज्ञहरुले यो जलाशयको आयु ५० वर्ष तोकेका छन् । जलाशयमा संकलन भएको ढुंगा, माटो र लेदोहरु झिक्नका लागि जलाशय पूरै खाली गर्नुपर्छ । इन्द्रसरोवरको निर्माण एक करोड २० लाख अमेरिकन डलरमा गरिएको थियो ।

नेपाल विद्युत् प्राधिकरणको 'व्याकअप'को रुपमा रहेको कुलेखानी जलाशय यो वर्ष भरिने अवस्थामा पुगेको छ । जलाधार क्षेत्रमा लगातार वर्षा भइरहेकाले कुलेखानीको जलाशय इन्द्रसरोवर यो वर्ष भरिने अवस्थामा पुगेको हो । कुलेखानी जलाशयमा बिहीबार बिहान ८ बजेसम्म एक हजार ५ सय २३ दशमलब ५० सेन्टिरमिटर पानी संकलन भएको छ । कुलेखानी जलाशयमा एक हजार ५ सय ३० मिटर पानी अटने क्षमता छ । अब साढे ६ मिटर पानी संकलन भएपछि जलाशय भरिन्छ ।

जलाधार क्षेत्रमा वर्षा कम भएकाले विगत दुई वर्षदेखि कुलेखानी जलाशय भरिएको थिएन । गतवर्ष कुलेखानी जलाशयमा एक हजार ५ सय २३ दशमलब ३१ सेन्टिमिटरमात्र पानीको सतह थियो । 'आजभोलि करिब प्रतिघन्टा एक सेन्टिमिटर पानी जलाशयमा थपिने गरेको छ,' कुलेखानी प्रथम जलविद्युत् केन्द्रका प्रमुख तारादत्त भट्टले भने, 'यो वर्ष जलाशय भरिने आशा गरेका छौं ।,' उनका अनुसार कुलेखानी जलविद्युत् आयोजनाका तीनवटै युनिटहरु अहिले समय/समयमा सञ्चालन गर्ने गरिएको छ ।

कुलेखानी प्रथमबाट ६०, दोस्रोबाट ३२ र तेस्रोबाट १४ गरी एक सय ६ मेगावाट विद्युत् उत्पादन हुने गर्छ । कुलेखानी जलाशयमा संकलन गरेको पानीबाट तीनवटै आयोजनाले विद्युत् उत्पादन गर्छन् । ३ सय मिटर चौडाई र सात क्लिोमिटर लम्बाइ रहेको कुलेखानीको जलाशयको मार्खु क्षेत्रको तल्लो भाग जलाशयको पानीले ढाकिसकेको छ । कुलेखानी नेपालको ठूला योजनामध्ये एक जलविद्युत् उत्पादन गृह हो ।

# थाहामा नेपाली सेनाको गुडिरहेको ट्रकमा आगलागी

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकाको दामन-शिखरकोट सडकखण्डमा नेपाली सेनाको गुडिरहेको ट्रकमा आगलागी भएको छ ।

७ नम्बर बाहिनी चनबनबाट तालिमको लागि रेकी गर्न सीमभञ्ज्याङतर्फ जाँदै गरेको नेपाली सेनाको बा १ ग ३४३६ नम्बरको ट्रकमा बिहीवार मध्यान्ह साढे १२ बजे आगलागी भएको हो । थाहा नगरपालिका-४ कुर्सी मोडमा भएको आगलागीबाट ट्रक पूर्णरुपमा क्षति भएको इलाका प्रहरी कार्यालय पालुङले जानकारी दिएको छ । ट्रकको सापट भाच्चिएपछि ट्रकलाई सडक छेउ लगाउने क्रममा अचानक आगो लागेको घटनास्थलमा रहेका सेनाले जानकारी गराएका छन् ।

सापट भाच्चिएर डिजल टृयाकीमा लागेर डिजल चुहिएपछि आगोलागी भएको अनुमान ट्रकमा सवार सेनाले गरेको घटनास्थलमा रहेका थाहानगरका संचारकर्मी शम्भु अधिकारीले बताए । ट्रकमा १८ जना सवार थिए । आगलागीबाट मानवीय क्षति नभएको इप्रका पालुङले जनाएको छ । थाहा नगरपालिकाको दमकलले आगो नियन्त्रणमा लिएको थियो ।

# छतिवनमा तीजविशेष कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/महेन्द्र मावि बकैया तथा झरना साहित्यिक परिवारको संयुक्त आयोजनामा छतिवनमा तीजविशेष सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । विद्यालयका प्राथमिक तह तथा माध्यमिक तहका विद्यार्थीबीच छुट्टाछुट्टै नृत्य प्रतियोगिता भएको थियो ।

प्रतियोगितामा रीतिका माझीको समूह प्रथम, आराध्या बस्नेतको समूह द्वितीय र सोविक्षा थिङको समूह तृतीय भएको थियो । यसैगरी माध्यमिक तहतर्फ सलिना भोम्जनको समूह प्रथम, रेसु जिम्बाको समूह द्वितीय र सुविना श्रेष्ठको समूह तृतीय भएको थियो । विजेताहरुले नगद तथा स्टेसनरी पुरस्कारकारुपमा पाएका थिए ।

निर्णायकको भूमिका शिक्षकहरु सम्झना केसी, कल्याण राई तथा दीपा बलले निर्वाह गरेका थिए । कार्यक्रममा बकैया-५ की वडाध्यक्ष लक्ष्मी जिम्बा, बकैया-४ का कार्यवाहक वडाध्यक्ष विजय भोलन, कार्यपालिका सदस्य लक्ष्मी माझी, विव्यस अध्यक्ष परशुराम गौतम, नगद पुरस्कार प्रायोजक चन्द्रकुमार राई, पूर्वप्रधानाध्यापक नारायण चापागाईं, झसाप सचिव मसान उपासकलगायतले बोलेका थिए ।

कार्यक्रमको सञ्चालन विदुर बोलखेले, स्वागत मन्तव्य निमित्त प्रधानाध्यापक छवि राईले व्यक्त गरेको कार्यक्रमको प्रमुख आतिथ्यता झरना साहित्यिक परिवारका संस्थापक अध्यक्ष रमेशमोहन अधिकारीले गरेका थिए । कार्यक्रमको सभाध्यक्षता झसापकी उपाध्यक्ष गायत्री रुपाखेतीले गरेकी थिइन् ।

# थाहामा व्यायामशालादेखि घुम्ती एक्सरे सेवासम्म

साझाकुरा संवाददाता



हेटौंडा, २० भदौ/ मकवानपुर थाहा नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ मा विविध नवीनतम अभ्याससहित नागरिकलाई सेवाप्रदान गरेको जनाएको छ ।

स्वास्थ्यशाखाले वार्षिक समीक्षा कार्यक्रमको अवसरमा शाखाले गरेका कामको विषयमा जानकारी दिएको हो । शाखाले थाहा-६ मा रहेको बज्रवाराही स्वास्थ्यचौकी परिसरमा व्यायमशाला स्थापना गरेको छ । व्ययामशालामा विहानै नागरिकको भिड लाग्ने गरेको शाखाप्रमुख मेघराज बलामीले जानकारी दिए । अन्य पालिकाको भन्दा फरक अभ्यास सहित यो कार्यक्रम संचालनमा ल्याउँदा प्रभावकारिता देखिएको समीक्षाको अवसरमा बलामीले प्रष्ट पारे ।

थाहानगरको १२ स्वास्थ्य संस्थामध्ये ५ वटा स्वास्थ्य संस्थाबाट सशुल्क प्रयोगशालाको सेवा सुरु गरिएको छ । नगरको पालुङ प्राथमिक स्वास्थ्य केन्द्र, आग्रा स्वास्थ्यचौकी, टिष्टुङ, बज्रवाराही र चित्लाङ स्वास्थ्यचौकीबाट प्रयोगशाला सेवा प्रवाह भइरहेको छ । पालिकाले गत आर्थिक वर्षबाटै अक्सिजन प्लान्ट संचालनमा ल्याइ वितरण कार्यको शुभारम्भ गरेको छ ।

थाहा नगरपालिका वडा नम्बर ४ को क्याम्पाडाँडामा निर्माणाधीन १५ शैयाको अस्पताल परिसरमा प्लान्ट जडान गरी अक्सिजन उत्पादन तथा वितरण सेवा सुरु गरेको हो । यो सेवाअन्तर्गत विपन्न विरामीलाई नि:शुल्क सिलिण्डर तथा अक्सिजन वितरण गर्दै आएको छ । विपन्न विरामीलाई वडा कार्यालयको सिफारिसमा नि:शुल्क अक्सिजन वितरण गर्दै आएको छ ।

पालिकाले १२ वटै वडामा नि:शुल्क ग्रामीण भिडियो एक्सरे सेवा पनि दिदै आएको छ । वडामा रहेका स्वास्थ्य संस्थामा घुम्ती शिविरकै रुपमा डाक्टरसहितको टोलीबाट यस किसिको सेवाप्रवाह गर्दै आएको नगरपालिकाले जनाएको छ । यस किसिमको सेवाबाट प्राय: गर्भवती महिला लाभान्वित भएका छन् । गर्भमा रहेको शिशुको अवस्थाको विषयमा थाहा पाएपछि उपचार तथा परामर्शमा सहज भएको गर्भवती महिलाको प्रतिक्रिया रहेको छ । पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा सिआर प्रणालीको एक्सरे मेशिन समेत संचालनमा ल्याइएको छ ।

यसबाट नागरिकलाई थप सेवाप्रदान भैरहेको छ । पालिका क्षेत्रमा रहेका ५४ वटा आमा समूहमा अभिभावक शिक्षा संचालन हुँदै आएको छ । थाहा नगरले घरमा सुत्केरी शुन्य अभियान संचालन गर्दै आएको छ । पालिकाको १२ मध्ये ११ वटा वडा घरमा शुन्य सुत्केरी वडा घोषणा भैसकेको छन् । ७ नम्बर वडा भने बाँकी रहेको नगर पालिकाले जनाएको छ । पालिकाका सबै १२ वटै स्वास्थ्य संस्थामा २४ सै घण्टा प्रसुति सेवा प्रदान गर्दै आएको छ । स्वास्थ्य संस्थामा प्रसुतिका लागि आउने गर्भवती र उनका कुरुवालाई प्रसुति प्रतिक्षालय तथा नि:शुल्क खाने बस्ने सेवा व्यवस्थापन गरिएको छ । यस कार्यक्रमबाट संस्थागत सुत्केरी हुने संख्यालाई बढवा दिएको छ । संस्थागत सुत्केरीका कारण आमा र बच्चाको मृत्युदरमा समेत कमी आएको छ ।

नगरकै लगानीमा स्वास्थ्य संस्थामा खोप क्लिनिक तथा बर्थिङ सेन्टरको निर्माण भई सञ्चालनमा रहेको छ । बर्थिङ सेन्टरका कर्मचारीलाई प्रोत्साहनको व्यवस्था गरिएको छ । संस्थागत सुत्केरीलाई प्रोत्साहन गर्नका लागि गर्भवतीलाई अण्डा तथा तोरीको तेल वितरण गर्ने कार्यक्रम संचालनमा ल्याइएको छ । सबै स्वास्थ्य संस्थामा बालउत्प्रेरणा कक्ष तयार गरिएको छ । यसले गर्दा स्वास्थ्य संस्थाप्रति बालबालिका आकर्षित भएको स्वास्थ्य संस्था प्रमुखको भनाइ छ ।

# मकवानपुरका ९ पालिकामा स्क्रब टाइफ्सका बिरामी, थाहा सुरक्षित

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/ मकवानपुरमा स्क्रब टाइफ्सका बिरामी बढ्न थालेका छन् । गत साउनदेखि हालसम्म मक्वानपुरमा स्क्रब टाइफ्सका १२३ जना बिरामी फेला परेको जनस्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

हेटौंडा उपमहानगरमा ४५ महिला र २७ पुरुष गरी ७२ जनामा स्क्रब टाइफ्सको संक्रमण पुष्टि भएकोछ । यस्तै, मकवानपुरगढीमा ११ महिला र ४ पुरुष गरी १५ जना, बागमतीमा एक जना पुरुष, कैलाशमा एक जना महिला, मनहरीमा ३ पुरुष र ७ जना महिला गरी १० जना स्क्रब टाइफ्सको संक्रमण पुष्टि भएको छ ।

यसैगरी, इन्द्रसरोवरमा एक जना महिला, भीमफेदीमा ८ जना महिला, बकैयामा ६ पुरुष र ६ महिला गरी १२ जना, राक्सिराङमा एक जना महिला र अन्य जिल्लाका दुईजनामा स्क्रब टाइफ्सको संक्रमण पुष्टि भएको छ । थाहा नगर पालिकामा भने हालसम्म स्क्रब टाइफ्सको बिरामी फेला नपरेको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । माइट नामक कीर्नाको टोकाइबाट स्क्रब टाइफ्स हुने भएकाले सरसफाईमा विशेष ध्यान दिनुपर्नेमा स्वास्थ्यकर्मीले जोड दिएका छन् ।

# मनहरीमा श्रीमद्भागवत महायज्ञ सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २० भदौ/मनहरी गाउँपालिका-१ स्थित श्रीकृष्ण मन्दिरको प्राङ्गणमा शुक्रबारबाट श्रीमद्भागवत ज्ञान महायज्ञ सुरु भएको छ । मकरीमा सप्ताह ज्ञानमहायज्ञ समितिको संयोजक भोलानारायण तिमल्सिनाको सभाध्यक्षता एवम् मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यतामा महायज्ञको उद्घाटन गरिएको हो ।

महायज्ञको उद्घाटन गर्दै गाउँपालिका अधयक्ष कालाखेतीले मकरीको बीचमा रहेको श्रीकृष्ण मन्दिर क्षेत्रभित्र रहेको कृष्ण मन्दिरको स्वरुप धेरै परिवर्तन भएको बताएका छन् । यस क्षेत्रलाई कहिले धार्मिक त कहिले खेल खेलाइ मोर्डन युथ क्लबले सबैको मन जितेको बताए । अन्य स्थानमा यसरी युवाहरु सनातन धर्मसंस्कृति जोगाउनु पर्छ भनेर पाएको थिन तर, यस ठाउँमा युवाको सक्रीयता पाए मकरीको युवालाई बिशेष धन्यवाद दिए ।

महायज्ञको पवित्रदिन पार्दै वडा नम्बर १ मा रहेको स्वस्थ्यचौकी उद्घाटन गरिएको छ । मोर्डन युथ क्लबको आयोजना साथै श्रीकृष्ण मन्दिर समितिको सहायोजनामा महायज्ञ लगाइएको हो । कार्यक्रममा वडा नम्बर १ का वडाअध्यक्ष शिबप्रसाद खनालको बिशेषआथित्य, कथावाचक पण्डित कपिलदेव भट्ट, उपवाचक पण्डित डेगनाथ ढकाल लगायत बिभिन्न संघसंस्थाका प्रतिनिधिको उपस्थिति थियो ।

सूचना ! सूचना !! सूचना !!!
अब किन जानु पऱ्यो विदेश ?
हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्
६०% बैंकिङ सुविधा
हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको
TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।
आजै सम्पर्क गर्नुहोस्
Singhababini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५



## मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान
Madan Bhandari Academy of Health Sciences

*(मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७३ अन्तर्गत स्थापित)*

हेटौंडा अस्पताल संचालन तथा व्यवस्थापन समिति २०७७

**सूचना ! सूचना ! सूचना !**

यस अस्पतालमा मिति २०८१/०५/१६ गते आइतबारका दिनदेखि Extended Health Service (EHS) देहाय बमोजिम संचालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा अनुरोध छ ।

**देहाय**

१. E.H.S. ओ.पि.डी. टिकट उपलब्ध हुने समय : २४ सै घण्टा
२. E.H.S. ओ.पि.डी. संचालन समय : दिनको ठिक ४:०० बजेदेखि ६:०० बजेसम्म
३. E.H.S. ओ.पि.डी. मा उपलब्ध हुने सेवाहरु
- मेडिकल ओ.पि.डी.
- सर्जिकल ओ.पि.डी.
- बालरोग ओ.पि.डी.
- स्त्री तथा प्रसुतिरोग ओ.पि.डी.
- मनोरोग ओ.पि.डी.
- नसा तथा हार्डजोर्नी रोग ओ.पि.डी.
- अन्य
  - भिडियो X-ray सेवा
  - प्याथोलोजी सेवा

३. E.H.S. ओ.पि.डी. सेवामा बिमाको सुविधा उपलब्ध हुने छैन

**पुनश्च:** सार्वजनिक बिदाको दिनहरुमा E.H.S. ओ.पि.डी. सेवा संचालन हुने छैन ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना !

यस कम्पनीको मिति २०८१/०४/१४ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ३१ बमोजिम २०८१/०४/२१ गते कम्पनी रजिष्ट्रार कार्यालयको स्वीकृति अनुरुप साविक कम्पनी छिन्चु इङ्लिस बोर्डिङ्ग स्कुल (प्रा.लि. नं. २०९७५) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन कर दायित्व आदी परिवर्तित यस छिन्चु इङ्लिस बोर्डिङ्ग स्कुल (प्रा.लि. नं. २०९७५) भेरीगंगा नगरपालिका-१२, सुर्खेत, कर्णालीले सकार्ने व्यहोर्ने गरिएको व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

## नारायणी यातायात व्यवसायी संघको अत्यन्त जरुरी सूचना !

*(मिति २०८१/०५/१७ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा समेत प्रकाशित भईसकेको)*

यातायात क्षेत्रसंग सम्बन्धित संघ, संस्थाहरुको दर्ता तथा नवीकरण नगर्ने भनि नेपाल सरकार, मन्त्री परिषद्ले मिति २०७५/०१/०४ गते निर्णय गरेपश्चात यस संघको नियमित रुपमा हुनुपर्ने अधिवेसन अवरुद्ध भई आएकोमा सोही मन्त्री परिषद्को निर्णयका विरुद्धमा यस संघ समेत सदस्य रहेको नेपाल ट्रक यातायात व्यवसायी महासंघले सम्मानित सर्बोच्च अदालतमा रिट दायर गरेकोमा मिति २०८०/१२/२० गते रिट जारी हुने भनि फैसला गरेको हूदा निकट भविष्यमा नै यस संघको ३६ औं वार्षिक साधारण सभा र १६ औं अधिवेसन हुन गईरहेको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै, यस संघका सदस्य महानुभावहरुले संघको विधान मुताविक २०८१ असोज मसान्तभित्रमा आफ्नो सदस्यता नविकरण गरी मतदाता परिचयपत्र लिनुहुन समेत यस संघको मिति २०८१/०५/०९ गतेको कार्यसमितिको निर्णय बमोजिम जानकारी गराईन्छ ।

सरोज कुमार खनाल
(महासचिव)
**नारायणी यातायात व्यवसायी संघ**
मुख्य कार्यालय, हेटौंडा, फोन नं. ०५७-५२०६७०




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना